# संयुक्त प्रेस विज्ञप्ति

## २०६५ कार्तिक ४

**ओएचसीएचआर-नेपाल र राष्ट्रिय मानव अधिकार आयोगद्वारा सुदूर पश्चिमाञ्चल क्षेत्रका सिमान्तिकृत गरिएका समुदायहरुको प्रतिनिधित्व गर्ने गैरसरकारी संस्थाहरुको निम्ती संक्रमणकालिन न्याय कार्यशाला गोष्ठी को संयुक्त आयोजना**

धनगढी - ओएचसीएचआर-नेपालको सुदूर पश्चिमाञ्चल क्षेत्रिय कार्यालयले राष्ट्रिय मानव अधिकार आयोगसँग परम्परागत रुपमा सिमान्तिकृत गरिएका समुदायहरुको प्रतिनिधित्व गर्ने गैरसरकारी संस्थाहरुको निम्ती संक्रमणकालिन न्याय बिषयक कार्यशाला गोष्ठी को संयुक्त आयोजना गर्‍यो। संक्रमणकालिन न्यायको निम्ती अन्तरराष्ट्रिय केन्द्र (ICTJ), र एडभोकेसी फोरमले गठन गरेको कंचनपुर जिल्ला द्वन्द पीडित संघले आफ्नो बिषय सम्बन्धित दखलताको जानकारी दियो।

द्वन्दबाट बढी प्रभावित तर संक्रमणकालिन न्याय जस्ता राज्यले द्वन्दका परिणामहरुको उचित सम्बोधन कसरी गर्नु पर्ने बिषयक परामर्शमा असंग्लग्न गरिएको समुहहरुको प्रतिनिधित्व गर्न सहभागीहरुको चयन गरिएको थियो। महिला, थारु समुदायका सदस्यहरु, पुर्व कमैयाहरु र दलित आदी समुहहरुलाई कार्यशालामा संलग्न गराईएको थियो। महिला सम्बन्धित संघसंस्थाहरुमा विशेष केन्द्रित गरिएको थियोः सबै समुहहरुलाई महिला प्रतिनिधित्व पठाउनको निमित्त प्रोत्साहित गरिएको थियो र ७५% भन्दा बढी सहभागीहरु महिला थिए।

सहभागीहरुलाई आफ्नो अनुभव साट्ने, द्वन्दका कारण र परिणामहरुको पहिचान गर्ने तथा द्वन्द उपरान्तको समयमा सम्भावित प्रतिक्रियाहरुको खोजी गर्ने मौका दिईयो। संक्रमणकालिन न्यायको राष्ट्रिय प्रक्रियामा अर्थपूर्ण योगदान दिनको निम्ती, र बेपत्ता सम्बन्धी आयोग वा सत्य निरुपन तथा मेलमिलाप आयोगजस्ता कुनै किसिमको संयन्त्रको स्थापना हुनु पूर्व, आवाज सुनियोस भन्नको हेतु

**थप जानकारीको निम्ती संपर्क ठेगानाः**

**राष्ट्रिय मानव अधिकार आयोग**

**हरिहर भवन, ललितपुर, नेपाल, पो. बक्स. नः ९१८२, काठमाडौं फोनः ५०१००१५**

**फ्याक्सः ५५४७९७३, ईमेलः nhrc@nhrcnepal.org, वेबसाईटः: www.nhrcnepal.org**

**ओएचसीएचआर-नेपाल सुदूर पश्चिमाञ्चल क्षेत्रिय कार्यालय**

**एन्ड्रु पाल्मर, कार्यालय प्रमुख, हसनपुर, धनगढी, कैलाली, फोनः ०९१-५२३५०३**

**फ्याक्सः ०९१-५२६५०४, ईमेलः apalmer@ohchr.org, वेबसाईटः http://nepal.ohchr.org**

संघसंस्थाहरुलाई जानकारी दिईयो। स्थानीय तहमा परामर्श प्रक्रियालाई विस्तृत तुल्याउनको निमित्त आ-आफ्नो संघसंस्थाभित्र तरिकाहरुको खोजी गर्न र सम्भावित कदमहरुको बारेमा छलफल गर्न आउँदो हफ्ता भेट्ने बारेमा सहभागीहरु सहमत भए।

"यस कार्यशाला गोष्ठीले पुर्वतः रुपमा बाहेक गरिएको समुहहरुलाई, प्रायजसो द्वन्दबाट बढी प्रभावित, संक्रमणकालिन न्यायको राष्ट्रिय प्रक्रियामा उत्तम योगदान दिनको निम्ती तरिकाहरुको खोजी र बिकास गर्नको हेतु स्थान र मौका प्रदान गर्‍यो," ओएचसीएचआर क्षेत्रिय कार्यालय धनगढीका कार्यालय प्रमुख एन्ड्रु पाल्मरले भन्नुभयो। यस माथि आफ्नो सहमती जनाउदै राष्ट्रिय मानव अधिकार आयोग सुदूर पश्चिमाञ्चल क्षेत्रिय कार्यालयका कार्यकारी क्षेत्रिय निर्देशक, कोषराज न्यौपानेले थपः "द्वन्दबाट बढी प्रभावितहरुको अपेक्षा र द्वन्दका परिणामहरुको उचित सम्बोधन पुरा गरुन् भन्ने हेतु यी समुहहरुलाई भबिष्यमा स्थापना गरिने संक्रमणकालिन न्याय सन्त्रहरुमा आवाज दिईनुपर्दछ" भन्नुभयो।

**थप जानकारीको निम्ती संपर्क ठेगानाः**

**राष्ट्रिय मानव अधिकार आयोग**

**हरिहर भवन, ललितपुर, नेपाल, पो. बक्स. नः ९१८२, काठमाडौं फोनः ५०१००१५**

**फ्याक्सः ५५४७९७३, ईमेलःnhrc@nhrcnepal.org, वेबसाईटः: www.nhrcnepal.org**

**ओएचसीएचआर-नेपाल सुदूर पश्चिमाञ्चल क्षेत्रिय कार्यालय**

**एन्ड्रु पाल्मर, कार्यालय प्रमुख, हसनपुर, धनगढी, कैलाली, फोनः ०९१-५२३५०३**

**फ्याक्सः ०९१-५२६५०४, ईमेल: apalmer@ohchr.org, वेबसाईटः http://nepal.ohchr.org**